जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
एक कदम अगाडि
Jaleshwor Today National Daily

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २७८ • २०८३ श्रावण १२ गते मंगलवार • 28 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# मुख्यमन्त्री र गृह, सञ्चार तथा कानुन मन्त्रीलाई ज्ञापनपत्र

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ११ श्रावण**

नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिले मधेश प्रदेश सरकारले प्रस्ताव गरेको 'मधेश प्रदेश आमसञ्चार विधेयक, २०८२' तथा प्रदेशका स्वायत्त सञ्चारसम्बन्धी निकायहरू गाभ्ने तयारीप्रति गम्भीर असन्तुष्टि जनाउँदै मुख्यमन्त्री र गृह, सञ्चार तथा कानुन मन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ ।

महासंघले सोमबार मुख्यमन्त्री तथा गृह, सञ्चार तथा कानुन मन्त्रीलाई छुट्टाछुट्टै ज्ञापनपत्र बुझाउँदै सञ्चार क्षेत्रसँग सम्बन्धित कानुन पर्याप्त सार्वजनिक बहस, सरोकारवालासँगको परामर्श र सहमतिविना अघि बढाइनु लोकतान्त्रिक मूल्य, प्रेस स्वतन्त्रता र नागरिकको सूचनाको अधिकारविपरीत हुने जनाएको हो । ज्ञापनपत्रमा नेपालको लोकतान्त्रिक आन्दोलन, जनआन्दोलन, मधेश आन्दोलन तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनासम्मका ऐतिहासिक परिवर्तनमा सञ्चारमाध्यम र पत्रकारिताले महत्वपूर्ण भूमिका



निर्वाह गरेको स्मरण गराउँदै स्वतन्त्र प्रेस लोकतन्त्रको आधारस्तम्भ भएको र संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई मौलिक अधिकारका रूपमा सुनिश्चित गरेको उल्लेख गरिएको छ । महासंघले हाल कार्यान्वयनमा रहेका 'प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७' र 'प्रदेश एफएम, रेडियो तथा टेलिभिजन सञ्चालन सम्बन्धी ऐन, २०७७' लाई प्रतिस्थापन गरी नयाँ आमसञ्चार विधेयक ल्याउने तथा आमसञ्चार प्राधिकरण, मिडिया काउन्सिल र चलचित्र तथा लोकप्रवर्द्धन विकास बोर्डजस्ता स्वायत्त निकायहरूको संरचनामा परिवर्तन गर्ने तयारीप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । ज्ञापनपत्रमा ती निकायहरू सीमित बजेट, अपर्याप्त जनशक्ति र स्रोत साधनका बाबजुद आफ्नो जिम्मेवारी निर्वाह गर्दै आएको उल्लेख गर्दै तिनलाई थप सुदृढ, सक्षम र प्रभावकारी बनाउनुको सट्टा पर्याप्त छलफल र सहमतिविना संरचनागत परिवर्तन गर्नु उचित नहुने महासंघको निष्कर्ष रहेको उल्लेख छ । महासंघले सञ्चार क्षेत्रसँग सम्बन्धित कुनै पनि कानुन निर्माण गर्दा पत्रकार, सञ्चारगृह, सञ्चारसम्बद्ध संस्था, कानुनविद्, नागरिक समाज तथा अन्य सरोकारवालासँग खुला छलफल, व्यापक परामर्श र सहमति आवश्यक रहने जनाएको छ ।

यस्तो प्रक्रियाले कानुनलाई परिपक्व, व्यवहारिक र सर्वस्वीकार्य बनाउने भए पनि प्रस्तावित विधेयक पर्याप्त सार्वजनिक बहसविना अघि बढाइएकाले प्रेस स्वतन्त्रता, संस्थागत स्वायत्तता तथा नागरिकको सूचनाको अधिकारप्रति स्वाभाविक चिन्ता उत्पन्न भएको महासंघको भनाइ छ । नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिका सचिव हदिस खुद्दारले लोकतान्त्रिक मूल्य, प्रेस स्वतन्त्रता र जिम्मेवार पत्रकारिताप्रति आफूहरू सदैव प्रतिबद्ध रहेको दोहोर्याउँदै सरकारसँग संवाद, सहकार्य र सहभागितामूलक प्रक्रियाबाट विधेयक पुनरावलोकन गरिने विश्वास व्यक्त गरेका छन् ।

# जनकपुरधामका होटल तथा प्रशोधित पानी उद्योगमा अनुगमन




**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ११ श्रावण**

खाद्य स्वच्छता र उपभोक्ताको स्वास्थ्यसँग खेलवाड भइरहेको गुनासो बढेपछि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले जनकपुरधामका होटल तथा प्रशोधित पानी उद्योगमा गरेको अनुगमनका क्रममा तीन व्यवसाय मापदण्ड विपरीत सञ्चालन भएको पाइएको छ ।

विभाग अन्तर्गतको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधामले साउन ५ गते गरेको स्थलगत अनुगमनमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को उल्लंघन भएको पाइएपछि सम्बन्धित व्यवसायलाई आवश्यक निर्देशनसहित कारबाही प्रक्रिया अघि बढाएको जनाएको छ । अनुगमनका क्रममा जनकपुरधाम-८ स्थित इनेजिक केगंन वाटर उद्योगले प्रशोधित पिउने पानी उत्पादनका लागि अनुमति लिए पनि २० लिटरको जारमा 'अल्कालाइन वाटर' उत्पादन तथा बिक्री गरिरहेको भेटिएको कार्यालयले जनाएको छ । उद्योगले नाम परिवर्तन गरी 'मिराकल वाटर उद्योग' का नामबाट सञ्चालन गरेको समेत पाइएको छ । विभागले तत्कालका लागि उक्त उद्योगबाट उत्पादित अल्कालाइन पानीको बिक्री वितरण रोक्न निर्देशन दिएको छ भने आवश्यक कागजातसहित कार्यालयमा उपस्थित हुन उद्योगलाई भनिएको छ । यस्तै, जनकपुरधाम-१० स्थित श्री होटल मिथिला चिरायूमा सरसफाइको अभाव देखिनुका साथै मसी लागेको पत्रपत्रिका खानासँग प्रत्यक्ष सम्पर्क हुने गरी प्रयोग गरिएको फेला परेको छ । विभागले यस्तो अभ्यास तत्काल बन्द गरी सरसफाइमा विशेष ध्यान दिन निर्देशन दिएको छ । त्यसैगरी जनकपुरधाम-४ स्थित सौरभ खाउँ खाउँ चाट पसलमा पनि मसी छापिएको पत्रिकामा खाद्य सामग्री राखेर बिक्री गरिएको, सरसफाइमा लापरबाही गरिएको तथा पकाएको खाना सुरक्षित तापक्रममा भण्डारण नगरेको पाइएको विभागले जनाएको छ ।




**सर्पको टोकाइबाट बचौं र बचाऔं**

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




## सुनसरी घट्नाको दोषिलाई कारबाही गर

सुनसरीको देवानगञ्ज र कप्तानगञ्जमा भएको गोलीकाण्ड घटनाप्रति सबैको ध्यान तानिएको छ । आइतबार राति हिन्दु र मुस्लिम समुदाय वीच भएको झण्डा झुण्ड्याउने बिबादका कारण एक जना ओम प्रकाश मेहतालाई प्रहरीको गोली लागि ज्यान गुमाएका छन् भने अर्का ९ जनालाई समेत गोली लागि घाइते भएका छन् । अर्का २ जना सोही घटनामा गोली लागि विशेष घाइते भएका छन् । दुई समुदाय वीच भएको आपसी मतभेदका कारण गोली नै चलाउनु पर्ने आवश्यकता कसरी भयो ? गोली नै चलाउनु पर्ने आवश्यकता भए पनि गोली लागेका ठाउँहरु प्रायः कम्मर भन्दा माथि रहेका छन् जुन कानुनी रुपमा बर्जित छ । अहिले सुनसरी सहित जनकपुर धाम,विरगंज लगायत विभिन्न ठाउँहरुमा हिन्दु सम्राट सेना,हिन्दुबादी संघसंगठन तथा जेनजी युवाहरु आन्दोलनरत देखिन्छन् । नेपाल विविधता, सहिष्णुता र सामाजिक सद्भावको आधारमा बनेको देश हो । कुनै पनि घटना वा विवादको समाधान हिंसा, तोडफोड, आगजनी वा प्रतिशोधबाट हुन सक्दैन । यस्ता कार्यले निर्दोष नागरिकलाई पीडा दिने, समाजमा अविश्वास बढाउने र राष्ट्रिय एकतालाई कमजोर बनाउने काम मात्र गर्छ । त्यसैले सम्पूर्ण नागरिक, सबै समुदाय, र ाजनीतिक दल, नागरिक समाज र सरोकारवालाहरु संयमीत भई शान्ति, सद्भाव र आपसी विश्वासको माध्यमबाट समस्याको समाधान गर्न जरुरी रहेको देखिन्छ ।

साथै, घटनाको सत्यतथ्य सार्वजनिक गर्न, पीडितलाई न्याय सुनिश्चित गर्न र भविष्यमा यस्ता घटना दोहोरि न नदिन उच्चस्तरीय स्वतन्त्र न्यायिक आयोग तत्काल गठन गर्न नेपाल तत्पर रहन आवश्यक रहेको देखिन्छ । यस कठिन घडीमा सबै पक्षलाई जिम्मेवारीपूर्वक प्रस्तुत हुन, अफवाह र उत्तेजनाबाट टाढा रहन तथा सामाजिक सद्भाव र राष्ट्रिय एकताको रक्षा गर्न सबै जनाले भूमिका निर्वाह गर्न आवश्यक रहेको देखिन्छ।

# मौजुदा कार्यसमिति विघटन गर्दै नयाँ तदर्थ समिति गठन

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ११ श्रावण**

नेपाल रेडक्रस सोसाइटी केन्द्रीय तदर्थ समितिले धनुषा जिल्ला शाखाको मौजुदा कार्यसमिति विघटन गर्दै नयाँ तदर्थ समिति गठन गरेको छ ।



केन्द्रीय तदर्थ समितिको साउन ४ गते बसेको बैठकले नेपाल रेडक्रस सोसाइटीको विधान २०२० (अठारौं संशोधनसहित) को व्यवस्था अनुसार नरेशकुमार सिंहको सभापतित्वमा रहेको धनुषा जिल्ला शाखा समिति विघटन गरी जनकपुरधाम उपमहानगरपालिका-१० निवासी पंकजकुमार महतोको सभापतित्वमा ११ सदस्यीय तदर्थ समिति गठन गरेको हो । केन्द्रीय कार्यालयले धनुषा जिल्ला शाखालाई पठाएको पत्रअनुसार नवगठित समितिमा इन्जिनियर बिमल पुर्वे मन्त्री, सतिशकुमार सिंह कोषाध्यक्ष तथा डा. सुभाषचन्द्र यादव, राजेशकुमार ठाकुर, राजेश राइन, अजयकुमार नायक, राजेन्द्रकुमार झा, शान्ती विष्ट, नागिनादेवी मिश्र र रामकलादेवी सदा सदस्य रहेका छन् । केन्द्रीय कार्यालयले तदर्थ समितिलाई जिल्ला शाखाको वित्तीय अवस्था, बैंक खाता, सम्पत्ति तथा दायित्वको परीक्षण गरी ३० दिनभित्र विस्तृत प्रतिवेदन पेश गर्न निर्देशन दिएको छ। साथै सदस्यता अद्यावधिक, संस्थागत सुदृढीकरण, सांगठनिक कार्ययोजना निर्माण तथा विधान अनुसार निर्वाचित कार्यसमितिलाई जिम्मेवारी हस्तान्तरण गर्ने जिम्मेवारी पनि तोकिएको छ ।

त्यस्तै, केन्द्रीय तदर्थ समितिले अघि सारेको रोडम्याप कार्यान्वयनमा समन्वय र सहयोग गर्ने तथा केन्द्रीय कार्यालयले तोकेका अन्य जिम्मेवारी समयमै सम्पन्न गरी प्रतिवेदन बुझाउन पनि समितिलाई निर्देशन दिइएको छ।

# मिटरब्याज सम्बन्धी विवाद चर्किरहेका बेला यसमा लगानी गरेको दाबी गर्ने पक्ष पनि आन्दोलनमा

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ११ श्रावण**

मिटरब्याज सम्बन्धी विवाद चर्किरहेका बेला यसमा लगानी गरेको दाबी गर्ने पक्ष पनि आन्दोलनमा उत्रिएको छ । आफूहरूलाई 'लगानीकर्ता लेनदेन पीडित सङ्घर्ष समिति' बताउने समूहले सोमबार जिल्ला प्रशासन कार्यालय धनुषामा पुगेर प्रमुख जिल्ला अधिकारीमार्फत सरकारलाई ज्ञापनपत्र बुझाएको छ ।



ज्ञापनपत्र बुझाउनुअघि आन्दोलनकारीहरूले जिल्ला प्रशासन कार्यालयअगाडि नाराबाजी गर्दै विभिन्न माग लेखिएका प्लेकार्ड प्रदर्शन गरेका थिए । उनीहरूले मिटरब्याज पीडित संघर्ष समितिसँग सरकारले गरेको ९ बुँदे सम्झौता तत्काल खारेज गर्नुपर्ने माग गरेका छन् ।

समितिले सरकारसँग भएको उक्त सम्झौताले वास्तविक लगानीकर्ताको हकहितमाथि असर परेको दाबी गर्दै त्यसको पुनरावलोकन गर्नुपर्ने मागसमेत अघि सारेको छ। जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी तथा सूचना अधिकारी भुदेव झाले संघर्ष समितिका प्रतिनिधिले प्रमुख जिल्ला अधिकारीसमक्ष ज्ञापनपत्र बुझाएको पुष्टि गरे । उनका अनुसार देशव्यापी कार्यक्रम अन्तर्गत धनुषासहित विभिन्न जिल्लाका प्रशासन कार्यालयमा एकैसाथ ज्ञापनपत्र बुझाइएको हो ।

मिटरब्याज पीडितहरूको आन्दोलन जारी रहेका बेला लगानीकर्ता पक्षसमेत सडक आन्दोलनमा उत्रिएपछि यस विषयमा नयाँ बहस सुरु भएको छ ।




**अनुरोधकर्ता**
**जनकपुरधाम उपमहानगरपालिकाको कार्यालय**
**जनकपुरधाम,धनुषा, मधेश प्रदेश**

## तपाईको टुडे

मेषः विचार गरेर बोल्नुहोला
वृषः लामो यात्राको योग छ
मिथूनः पिछडेको साथी मिल्ने
कर्कटः मनमा पछुतो आउने
सिंहः पढाईमा ध्यान दिनुपर्ने
कन्याः अशुभ समाचार प्राप्त हुने
तुलाः शुभ कार्यको शुरुवात
वृश्चिकः मित्रतामा फाटो आउने
धनुः अनावश्यक खर्चको संभावना
मकरः अनावश्यक चिन्ता
कूम्भः खानपानमा समस्या आउने
मीनः आम्दानी हुने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# अमेरिकाले इरानमा आक्रमण रोकेसँगै तेलको मूल्यमा भारी गिरावट



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ११ श्रावण**

अमेरिकाले इरानमा आक्रमण रोकेसँगै हर्मुज जलमार्ग पुन खुल्ने आशा पलाएको छ । यससँगै सोमबार अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्यमा भारी गिरावट आएको छ ।

सोमबार दुवै ब्रेन्ट कच्चा तेलको मूल्य सात प्रतिशतभन्दा बढीले घटेर प्रतिब्यारेल न्यूनतम ९० अमेरिकी डलरभन्दा तल झरेको थियो । यसअघि गत साता ब्रेन्ट कच्चा तेलको मूल्य मे महिनायता पहिलोपटक प्रतिब्यारेल १०० अमेरिकी डलरभन्दा माथि पुगेको थियो । इरानमा १३ दिनसम्म आक्रमण गरेपछि अमेरिकाले शुक्रबार सैन्य कारबाही रोकेको थियो। अमेरिकी राष्ट्रपतिका विशेष दूतले राष्ट्रपति डोनाल्ड ट्रम्पले वार्ताका लागि केही समय र अवसर दिएको बताएका छन् । यसको प्रतिक्रियामा इरानले पनि क्षेत्रीय मुलुकमाथि गरिरहेका प्रतिशोधात्मक आक्रमण रोक्ने घोषणा गरेको छ। घटनाक्रमले खाडी क्षेत्रमा पानीजहाजको आवतजावत तथा तेल उद्योगलाई केही राहत दिएको छ ।

इरानले हर्मुजको ओमानी जलक्षेत्र हुँदै जाने पानीजहाजमाथि आक्रमण गरेपछि तनाव थप चर्किएको थियो । त्यसपछि कमजोर युद्धविराम भङ्ग हुँदै यसै महिना अमेरिका र इरानबीच पुन: सैन्य गतिविधि सुरु भएको थियो । तनावका कारण वासिङ्टन र तेहरानबीचको कूटनीतिक प्रयास प्रभावित भएको थियो। द्वन्द्व हर्मुजभन्दा बाहिरसमेत फैलिँदा इरान समर्थित हुथी विद्रोहीले लालसागर प्रवेश गर्ने प्रमुख मार्ग बाब अल-मन्देब जलक्षेत्रमा साउदी पानीजहाज माथि आक्रमण गरेका थिए ।

यद्यपि, लाल सागरमा पानीजहाजको आवतजावत जारी रहेको समाचारले शुक्रबार लगानीकर्ताको चिन्ता केही कम गरेको छ। हर्मुजको व्यवस्थापनबारे ओमानसँगको वार्तामा प्रगति भएको इरानले आइतबार बताएको छ । इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकायीका अनुसार वार्ता दुवै देशको सार्वभौम अधिकारको सम्मान गर्दै हर्मुजबाट पानीजहाजको सुरक्षित आवतजावत सुनिश्चित गर्ने त्यसका लागि संयन्त्र निर्माण गर्ने विषयमा केन्द्रित थियो । यसैबीच, चीनको पहलमा पाकिस्तानले अमेरिका-इरानबीच शान्ति वार्ता पुन: सुरु गराउने प्रयास गरिरहेको एक प्रतिवेदनमा उल्लेख छ ।

# सलमान खानलाई राहत, हट्ने भयो 'काला हिरण'को टिजर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ११ श्रावण**



बलिउड अभिनेता सलमान खानसँग सम्बन्धित रहेको भनिएको फिल्म 'काला हिरण: द ब्याटल फर लिगेसी' फेरि समाचारमा छ । दिल्ली उच्च अदालतले फिल्मको टिजर हटाउन आदेश दिएको छ । अदालतले फिल्मका निर्माता अमित जानीको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै सामाजिक सञ्जालबाट टिजरसहित सम्बन्धित सामग्री हटाउन निर्देशन दिएको हो ।

यो फिल्म सन् १९९८ को चर्चित कालो हरिण शिकार प्रकरणबाट प्रेरित भएको बताइएको छ । फिल्मको टिजर सार्वजनिक भएपछि सलमान खानले आफ्नो छवि र व्यक्तिगत अधिकारमा असर परेको भन्दै दिल्ली उच्च अदालतमा मुद्दा दायर गरेका थिए । सुनुवाइका क्रममा अदालतले सामाजिक सञ्जाल एक्स र युट्युबमा रहेका टिजर तथा अन्य सम्बन्धित लिंक हटाउन आदेश दिएको छ। साथै, निर्माता अमित जानीलाई कडा टिप्पणी गर्दै अदालतले आफू कानूनभन्दा माथि रहेको जस्तो व्यवहार नगर्न चेतावनी दिएको छ । अदालतले निर्माता पक्षका कानुनी प्रतिनिधिलाई सम्बोधन गर्दै यसअघि कुनै आदेश जारी नभएकाले उनीहरूको दुस्साहस बढेको टिप्पणी गरेको थियो । अदालतले सामान्य नागरिकप्रति पनि यस्तो व्यवहार स्वीकार्य नहुने स्पष्ट पारेको छ ।

निर्माता अमित जानीका वकिलले भने यो केवल टिजर मात्र भएको र त्यसमा सलमान खानको नाम उल्लेख नगरिएकाले उनको व्यक्तित्व अधिकार उल्लङ्घन नभएको दाबी गरेका थिए। उनले टिजरमा कुनै डीपफेक वा कृत्रिम बौद्धिकता (एआई)बाट तयार गरिएको भिडियो प्रयोग नगरिएको पनि बताएका थिए । यता, सलमान खानका वकिलले नाम उल्लेख नगरिए पनि फिल्ममा देखाइएको पात्रको स्वरूप, कथावस्तु र प्रस्तुतिले सलमान खानलाई स्पष्ट रूपमा संकेत गरेको तर्क गरेका छन् । उनका अनुसार यसले अभिनेता सलमान खानको सार्वजनिक छविमा नकारात्मक असर पार्न सक्छ । सलमान पक्षले कालो हरिण शिकार प्रकरणका चार मुद्दामध्ये तीनमा सलमान खानले सफाइ पाइसकेको र बाँकी एक मुद्दामा सजाय कार्यान्वयन रोकिएको स्मरण गराउँदै फिल्मले पुरानो विवादलाई नयाँ ढंगले प्रस्तुत गरी उनको प्रतिष्ठामा क्षति पुऱ्याउने प्रयास गरेको दाबी गरेको छ ।





अनुरोधकर्ता
जलेश्वर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
बिदेह नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश




अनुरोधकर्ता
भंगहा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
लक्ष्मीनियां गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

# संरक्षणक संकल्प कि राजनीतिक प्रदर्शन ?
# “जनकपुरमे डोजरक राजनीति”

**-मुरली मनोहर मिश्र,**
**(जनकपुर नागरिक समाज,**
**जनकपुरधाम-४, धनुषा, नेपाल)**

जनकपुरधाम केवल एकटा शहर मात्र नैइ, मिथिलाक आस्था, संस्कृति, इतिहास आ सभ्यताक जीवित प्रतीक अछि। एतक प्रत्येक पोखरि, मठ, मन्दिर, गुठीक जग्गा आ सार्वजनिक सम्पत्ति केवल भौतिक संरचना मात्र नैइ, बल्कि हजारौँ वर्षक सांस्कृतिक धरोहर अछि। एहने पृष्ठभूमिमे प्रधानमन्त्री बालेन शाहद्वारा मन्त्रिपरिषद्क बैठकसभमे बेर-बेर यी प्रश्न उठाएल गेल जे “जनकपुरमे कहियासँ डोजर चलत ?“यी निश्चित रूपसँ चर्चाक विषय अछि ।

प्रश्न केवल डोजर चलबाक नैइ अछि, बल्कि यी अछि जे संरक्षणक उद्देश्य कतेक निष्पक्ष, कानूनी आ दीर्घकालीन अछि, आ कतेक राजनीतिक सन्देश देबाक प्रयास ?

प्रधानमन्त्री बालेन शाह जनकपुरधाममे अपन सभासँ घोषणा केने छलाह जे जकाँ काठमाडौँमे मन्दिर, पाटी, पौवा आ पोखरी बचाओल गेल, तहिना जनकपुरक धरोहर सेहो बचाओल जाएत। यदि यी प्रतिबद्धता वास्तविक संरक्षणक भावना सँ प्रेरित अछि, तँ निश्चित रूपसँ स्वागतयोग्य अछि। जनकपुरक गुठीक हजारौं कट्ठा जग्गा वर्षौंसँ अतिक्रमणक चपेटामे अछि। अनेक पोखरिक अस्तित्व संकटमे अछि। सार्वजनिक सम्पत्तिक संरक्षण राज्यक संवैधानिक दायित्व अछि। मुदा एतय किछु गम्भीर प्रश्न सेहो ठाढ़ होइत अछि ।

पहिल प्रश्न जे, की केवल डोजर चलाएलासँ समस्या समाप्त भ’ जाएत ?

अतिक्रमण एक दिनमे नैइ भेल । दशकौंसँ राजनीतिक संरक्षण, प्रशासनिक उदासीनता, गुठी संस्थानक कमजोरी आ स्थानीय तहक निष्क्रियतासँ यी अवस्था बनल। जँ समस्या सामूहिक विफलतासँ उत्पन्न भेल अछि, तँ समाधान सेहो केवल बल प्रयोगसँ सम्भव नैइ । कानूनसम्मत प्रक्रिया, नापजाँच, अभिलेख, अदालती प्रक्रिया आ प्रभावित पक्षक सुनुवाइ सेहो लोकतन्त्रक अनिवार्य आधार अछि ।

दोसर प्रश्न जे, की सम्पूर्ण नेपालमे सार्वजनिक अतिक्रमण समान रूपसँ हटत कि केवल जनकपुर राजनीतिक प्राथमिकता बनत ?

यदि प्रधानमन्त्री वास्तवमे सार्वजनिक सम्पत्तिक संरक्षण चाहैत छथि, तँ काठमाडौँ, पोखरा, विराटनगर, नेपालगञ्ज, लुम्बिनी, भक्तपुर, पाटन, धरान सहित सम्पूर्ण देशमे एकर समान नीति लागू होय। केवल जनकपुरकेँ प्रतीकात्मक अभियान बना देला सँ राजनीतिक सन्देश तँ जाएत, मुदा न्यायसङ्गत शासनक भावना कमजोर पड़ि सकैत अछि ।

तेसर प्रश्न जे, की अतिक्रमणकारी सभ समान छथि ?

जनकपुरमे कतेको स्थानपर प्रभावशाली व्यक्ति, व्यापारी, राजनीतिक दलसँ जुड़ल लोक आ संस्थागत अतिक्रमण सेहो अछि, तँ दोसर दिस किछु गरीब परिवार वर्षौंसँ बसोबास करैत छथि। कानूनक दृष्टिमे अतिक्रमण स्वीकार्य नैइ, मुदा कार्यान्वयनमे मानवीय संवेदनशीलता, पुनर्वासक नीति आ समान व्यवहार आवश्यक अछि। गरीबक झोपड़ी पर डोजर चलि जाए आ प्रभावशालीक महल सुरक्षित रहि जाए, तँ यी संरक्षण नैइ, अन्याय कहल जाएत ।

एहि प्रकरणमे भूमि व्यवस्था मन्त्रालयद्वारा सात दिनक सूचना जारी कयल गेल, मुदा समयसीमा समाप्त भेलाक बादो स्पष्ट कार्ययोजना सार्वजनिक नैइ भेल। गुठी प्रशासकक सरुवा, प्रशासनिक समन्वयक अभाव आ निर्णय प्रक्रियामे ढिलाइ सँ स्पष्ट होइत अछि जे केवल राजनीतिक इच्छा पर्याप्त नैइ, प्रशासनिक तयारी सेहो आवश्यक अछि । स्थानीय सरकार आ मधेश प्रदेश सरकारक भूमिका सेहो महत्त्वपूर्ण अछि । यदि संघ, प्रदेश आ स्थानीय तह परस्पर आरोप-प्रत्यारोपमे समय बितौत, तँ जनकपुरक धरोहरक क्षति मात्र बढ़त ।

वास्तविक आवश्यकता यी अछि जे–




क) सम्पूर्ण गुठीक जग्गाक डिजिटल अभिलेख सार्वजनिक हो ।

ख) नापी, मालपोत, गुठी आ स्थानीय तहक संयुक्त तथ्याङ्क एकीकृत कयल जाए ।

ग) राजनीतिक पहुँच वा आर्थिक प्रभावक आधारपर कोनो भेदभाव नैइ होय ।

घ) वैध पुनर्वास आवश्यक भेलासँ पहिले नीति तय होय ।

ङ) अतिक्रमण हटेबाक बाद पुन: अतिक्रमण नैइ होय, तकर स्थायी संयन्त्र बनाओल जाए ।

च) पोखरी, मठ, मन्दिर आ सार्वजनिक सम्पत्तिक संरक्षणमे स्थानीय नागरिक समाज, धार्मिक संस्था आ विशेषज्ञसभकेँ सहभागी बनाओल जाए ।

जनकपुरकेँ “नीट एण्ड क्लिन“ बनाबयक सपना अवश्य सराहनीय अछि। मुदा स्वच्छता केवल डोजर सँ नैइ, सुशासन, पारदर्शिता, कानूनी समानता आ सांस्कृतिक सम्मान सँ आबैत अछि ।

अन्ततः प्रश्न यी नैइ अछि जे डोजर कहिया चलत। वास्तविक प्रश्न यी अछि जे डोजर न्यायक आधारपर चलत कि राजनीतिक प्रदर्शनक आधारपर ? यदि अभियान निष्पक्ष, कानूनी, पारदर्शी आ सम्पूर्ण अतिक्रमणकारीपर समान रूपसँ लागू होइत अछि, तँ इतिहास एकरा जनकपुरक धरोहर संरक्षणक स्वर्णिम अध्याय मानत। मुदा यदि यी अभियान चयनात्मक, राजनीतिक वा प्रचारमुखी बनि जाएत, तँ डोजर केवल संरचना नैइ, राज्यप्रति नागरिकक विश्वास सेहो भाङ्गि सकैत अछि ।

**“पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।“**



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




**अनुरोधकर्ता**
**बलवा नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**




**अनुरोधकर्ता**
**हंसपुर नगरपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**




**अनुरोधकर्ता**
**महोत्तरी गाउंपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday